नेपाली

Vol.49 | 2025.06

विभिन्न देशका बिदेसीहरुको लागि समाचार

# Ota City Navigation



प्रक्रिया

## बालबालिका भत्ताको प्रक्रिया

जुन अवधिको रकम ट्रान्सफर मिति जुन 9 तारिख (सोमबार) हो। 2025 साल अप्रिल~मे महिनाको भत्ता ट्रान्सफर गरिनेछ।
त्यसपछि जोर नम्बरको महिनामा ट्रान्सफर गरिनेछ।

| दायरामा पर्ने उमेर | पहिलो बच्चा र दोस्रो बच्चा | तेस्रो बच्चादेखि |
| --- | --- | --- |
| 3 वर्ष भन्दा कम | मासिक 15,000 येन | मासिक 30,000 येन |
| 3 वर्ष~उच्च माध्यमिक विद्यालयको विद्यार्थीको उमेर | मासिक 10,000 येन | |
| 18 वर्ष पुगेको सुरुको आर्थिक वर्षको अन्त्य~22 वर्ष पुगेको सुरुको आर्थिक वर्षको अन्त्य | जन्म क्रम (〇 औं बच्चा) निर्धारण गर्न मात्र गणना गरिन्छ। | |



*उच्च माध्यमिक विद्यालयको विद्यार्थीको उमेरले 18 वर्ष पुगे पछिको पहिलो मार्च 31 तारिखसम्मको बालबालिकाहरूलाई जनाउँछ।
*2024 साल अक्टोबरमा भत्ता प्राप्तिको दायरा विस्तार गरिएको छ। विस्तृत जानकारीको लागि ओता सहरको वेबसाइट हेर्नुहोस्।

बाल सेवा सहायता शाखा बाल सेवा सहायता कर्मचारी (बाल चिकित्सा)
☎ 03-5744-1275
Fax 03-5744-1525

प्रक्रिया

## शिशु स्याहार आमाले बालबालिकाको जिम्मा लिनेछन्।

काम गरिरहेको, काम खोजिरहेको र प्रसूतिको योजना भएका व्यक्तिहरूको बालबालिकाको जिम्मा लिई हेरचाह गरिन्छ।
विस्तृत जानकारीको लागि ओता सहरको वेबसाइट हेर्नुहोस् वा सोधपुछ गर्नुहोस्।

शिशु स्याहार गरिने ठाउँ: शिशु स्याहार आमाको निवास अथवा सहरको सुविधा भित्र भएको शिशु स्याहार कक्ष

8:00 am देखि 5:00 pm सम्मको अवधि भित्र,
8 घण्टासम्म बालबालिकाको जिम्मा लिइनेछ र मासिक 23,000 येन रहेको छ।
समय लम्ब्याइएमा 30 मिनेटको 250 येन लाग्नेछ।

शिशु स्याहार आमा अनुसार फरक हुन्छ।

ओता सहर कार्यालय 3F शिशु स्याहार सेवा शाखामा आवेदन लिइन्छ। तपाईंको बच्चासँगै आउनुहोस्। काम गरिरहेको व्यक्तिले कामको रोजगारीको प्रमाणपत्र (सहरको ढाँचा, स्वीकृति प्राप्त नर्सरी स्कुलको आवेदन आदि दिँदा पेस गरेको खण्डमा, मान्य अवस्थामा पेस गर्नु पर्दैन।)

शिशु स्याहार सेवा शाखा शिशु स्याहार मार्गदर्शन कर्मचारी
☎ 03-5744-1643
Fax 03-5744-1715

···· कहिले ···· रकम ···· कति जना ···· कहाँ ···· आवेदन दिने तरिका ···· आवेदन दिने ठाउँ ···· सम्पर्क

## प्रक्रिया तपाईंको बच्चाको बसोबास योग्यताको बारेमा

जापानमा बच्चा जन्मेको भएमा बसोबास योग्यताको लागि आवेदन दिनुपर्ने अवस्थाहरू हुन सक्छन्।
निम्न अवस्थाहरूमा, जन्मेको 30 दिन भित्र बसोबास योग्यताको लागि आवेदन दिई, रेजिडेन्स कार्ड प्राप्त गर्नुहोस्।

- बच्चाको राष्ट्रियता जापानी नभएको खण्डमा।
- बच्चा जन्मेको 60 दिन वा सोभन्दा बढी जापानमा हुने योजना भएको खण्डमा।

टोक्यो अध्यागमन ब्यूरोको वेबसाइट हेरेर निश्चय गर्नुहोस्।

टोक्यो अध्यागमन ब्यूरो
टोक्यो महानगरपालिका मिनातो सहर कोनान 5-5-30
☎ 0570-034259

पारिवारिक निवासी दर्ता शाखा विदेशी निवासी कर्मचारी
☎ 03-5744-1187

## प्रक्रिया निवासी कर भुक्तानीबारे

चरण 1 को विशेष सहर निवासी कर, जिल्ला निवासी कर (निवासी कर) र वन तथा वातावरण करको भुक्तानी म्याद 2025 साल जुन 30 तारिख (सोमबार) हो। म्यादसम्ममा भुक्तानी गर्नुहोस्।
भुक्तानी सम्बन्धी परामर्शको लागि ओता सहरको वेबसाइट हेर्नुहोस्।

सम्पर्क स्थानको लागि तपाईंले प्राप्त गर्नुभएको सूचना हेर्नुहोस्।
कर भुक्तानी शाखा

| | | |
|---|---|---|
| ☎ | ओमोरी क्षेत्र | 03-5744-1200 |
| | च्योफु क्षेत्र | 03-5744-1201 |
| | कामाता क्षेत्र | 03-5744-1202 |
| | ओता सहर बाहिर | 03-5744-1203 |

Fax 03-5744-1517

## प्रक्रिया निवासी करको प्रमाणपत्र जारी गर्न सकिन्छ।

आर्थिक वर्ष 2025 सालको निवासी कर सम्बन्धी प्रमाणपत्र जारी गर्न सकिन्छ।

[जारी गर्न सकिने कुराहरू]
- निवासी कर (विशेष सहर निवासी कर तथा जिल्ला निवासी कर) को कर प्रमाणपत्र
- निवासी कर (विशेष सहर निवासी कर तथा जिल्ला निवासी कर) को कर छुट प्रमाणपत्र
- कर भुक्तानी प्रमाणपत्र

[जारी गर्न सक्ने व्यक्ति]
2025 साल जनवरी 1 तारिखमा ओता सहरमा निवासी दर्ता भई कर उद्घोष गरेका व्यक्तिहरू

[जारी गर्नको लागि आवश्यक कुराहरू]
- स्वयम् काउन्टरमा आउने बेला
  -परिचय खुल्ने कागजात (रेजिडेन्स कार्ड आदि)
- प्रतिनिधि काउन्टरमा आउने बेला
  -अख्तियारनामा (जापानी भाषा बाहेक अन्य भाषामा लेखिएको भएमा, त्यसको जापानी भाषामा अनुवादित पत्र)
  -प्रतिनिधिको परिचय खुल्ने कागजात

2025 साल जुन 10 तारिख (मंगलबार) देखि

・ओता सहर कार्यालय 4F कर शाखाको काउन्टर
・विशेष उपशाखा कार्यालय आदि

कर शाखा सामान्य मामिला तथा कर
☎ 03-5744-1192
Fax 03-5744-1515



©Ota City

## इभेन्ट अंग्रेजीमा बोल्ने कार्यक्रम

हामीसँगै अंग्रेजी चित्र किताब पढेर सुनाउने र गीतको मज्जा लिनुहोस्।



©Ota City

- 2025 साल जुलाई 26 तारिख (शनिबार) 11:00 am~11:30 am
- कुगाहारा पुस्तकालय कथन कार्यक्रम
  (ओता सहर कुगाहारा 2-28-4)
- निशुल्क
- दायरामा पर्ने व्यक्तिहरु: प्राथमिक विद्यालयको विद्यार्थी वा सोभन्दा कम उमेरका बालबालिका र अभिभावकहरू
- आवेदन दिनु पर्दैन।
- कुगाहारा पुस्तकालय
  ☎ 03-3753-3343 Fax 03-3753-5642

## इभेन्ट "चित्र किताब पुऱ्याउने अभियान" वर्कसप

यो वर्कसपमा विभिन्न राष्ट्रहरूको पढ्ने वातावरण र पुस्तकालयको स्थिति सम्बन्धी DVD देखाएपछि, विदेशी बालबालिकाहरूले जापानको चित्र किताब आफ्नै भाषामा पढ्न सक्ने गरी सम्बन्धित राष्ट्रको भाषाको स्टिकर टाँसिन्छ। किताबको अन्तिम पृष्ठमा सम्बन्धित राष्ट्रको भाषामा हस्ताक्षर गरिन्छ। जापानको चित्र किताब पढ्न सक्ने स्तरको जापानी भाषा क्षमता भएमा, जो कोही पनि सहभागी हुन सक्नेछ।

- 2025 साल जुन 22 तारिख (आइतबार) 10:00 am~12:00 pm
- ओमोरी मिनामी पुस्तकालय 2F बहुउद्देश्यीय कोठा
  (ओता सहर ओमोरी मिनामी 1-17-7)
- निशुल्क
- अधिकतम सहभागी संख्या 20 जना (अग्रिम रूपमा नाम लेखाउनुपर्नेछ)
- पुस्तकालयमा जानुहोस् वा फोन गर्नुहोस्।
- ओमोरी मिनामी पुस्तकालय
  ☎ 03-3744-8411 Fax 03-3744-8421

## इभेन्ट ManaViva क्लासको लागि आवेदन खुला

यो वयस्कहरूले हिरागाना, काताकाना, सरल वाक्यहरू जस्ता दैनिक जीवनमा आवश्यक जापानी भाषाको अक्षर पढ्ने र लेख्ने तथा जापानी भाषा, अङ्कगणित जस्ता आधारभूत कुराहरू अध्ययन गर्ने ठाउँ हो। साथीहरू र कर्मचारीहरूसँग मिलेर अध्ययन गरौं। समयतालिकाको लागि वेबसाइट हेरी निश्चय गर्नुहोस्।

- 2025 साल मे 11 तारिख (आइतबार)~2026 साल मार्च 8 तारिख (आइतबार)
  कुल 24 पटक, हरेक पटक आइतबार 2:00 pm~4:00 pm
- ओता सहर कार्यालय अथवा उपभोक्ता केन्द्र
  (ओता सहर कामाता 5-13-26-101)
- निशुल्क
- दायरामा पर्ने व्यक्तिहरु: ओता सहरमा बसोबास, काम वा अध्ययन गर्ने 16 वर्ष वा सोभन्दा बढीको व्यक्ति भई, जापानी भाषामा कुराकानी गर्न सक्ने व्यक्तिहरू (राष्ट्रियतामा प्रतिबन्ध छैन, सुरुमा नाम लेखाउने 40 जना)
- सोधपुछ स्थानमा जानुहोस् वा फोन गर्नुहोस्।
- अनु: शिशु स्याहार उपलब्ध छ (सोधपुछ स्थानमा निश्चय गर्नुहोस्)
- स्थानीय गतिविधि प्रवर्द्धन शाखा आजीवन अध्ययनसँग सम्बन्धित कर्मचारी
  ☎ 03-5744-1443 Fax 03-5744-1518

---

···· कहिले ···· रकम ···· कति जना ···· कहाँ ···· आवेदन दिने तरिका ···· आवेदन दिने ठाउँ ···· सम्पर्क

## सूचना HIV को निशुल्क जाँच गराउनुहोस्।

ओता सहरको सार्वजनिक स्वास्थ्य केन्द्रहरूमा हरेक महिना 2 पटक (बुधबार) निशुल्क अनि बेनामी रूपमा HIV जाँच गरिन्छ। साथै सिन्ज्युकुको पूर्वी एक्जिटमा भएको जाँच तथा परामर्श कक्षमा सार्वजनिक बिदाको दिन बाहेक हरेक दिन जाँच गरिन्छ।



©Ota City

2025 साल जुन 25 तारिख (बुधबार) र 2025 साल जुलाई 9 तारिख (बुधबार)
9:00 am~10:00 am

कामाता इलाका कार्यालय 2F स्वास्थ्य परीक्षण कक्ष
(ओता सहर कामाता होनच्यो 2-1-1)

निशुल्क

प्रत्येकमा 30 जना (अग्रिम रूपमा नाम लेखाउनुपर्नेछ)

ओता सहरको वेबसाइटबाट अनलाइनमा नाम लेखाउनुहोस्।

संक्रामक रोग रोकथाम शाखा, संक्रामक रोग रोकथाम कर्मचारी
☎ 03-4446-2643
टोक्यो महानगरपालिका HIV आदिको जाँचको लागि नाम लेखाउने केन्द्र
☎ 050-3801-5309

## सूचना आफ्ना चिन्ताहरूबारे कुरा गरेर हेरौं!

बच्चाको शिक्षा, स्वभाव, व्यवहार तथा गतिविधिसँग सम्बन्धित चिन्ता, विकासात्मक अपाङ्गता, "इजिमे (तर्साउने, हेप्ने आदि गरी पीडा दिइने कार्य)", साथीसँगको सम्बन्ध जस्ता चिन्ताहरूको बारेमा फोन र अन्तर्वार्ताद्वारा परामर्श दिइन्छ। साथै चुबासा क्लासमा उपस्थित हुने सम्बन्धी परामर्श पनि दिइन्छ।
*"चुबासा क्लास" भनेको मनोवैज्ञानिक कारण आदिले गर्दा विद्यालयमा जान नसक्ने भएका प्राथमिक विद्यालय र निम्न माध्यमिक विद्यालयका विद्यार्थीहरू जाने "क्लास" हो।

[दायरामा पर्ने व्यक्तिहरू]

- ओता सहरमा बसोबास गर्नुहुने अनिवार्य शिक्षा पूरा नगरेका शिशु, विद्यार्थी तथा अभिभावकहरू
- चुबासा क्लासमा भर्ना हुन चाहने शिशु तथा विद्यार्थीहरू

अग्रिम रूपमा फोनद्वारा आवेदन दिई, क्लासमा आउने मितिमा नाम लेखाउनुहोस्।
फोनद्वारा दिइने परामर्श पनि सधैं उपलब्ध हुनेछ।
*जापानी भाषा बुझ्ने व्यक्तिलाई सम्पर्क गर्न लगाउनुहोस्।
साथै दोभासे आवश्यक अवस्थामा, अग्रिम रूपमा सम्पर्क गर्नुहोस्।

सोमबार~शुक्रबार 9:00 am~7:00 pm
शनिबार, आइतबार 9:00 am~5:00 pm
*वर्षको अन्त्य तथा सुरुको अवधि र सार्वजनिक बिदाको दिन बाहेक

शैक्षिक केन्द्र शिक्षा परामर्श कक्ष
☎ 03-5748-1201 Fax 03-5748-1390



©Ota City

हामीले यो जानकारीपत्र 1 वर्षमा 8 पटक प्रकाशन गरिरहेका छौं। यो जानकारीपत्र पुस्तकालय, बाल भवन, विशेष उपशाखा जस्ता ओता सहरका सुविधाहरू र JR कामाता, ओमोरी, केइक्यु जोसिकी जस्ता सहर भित्रका स्टेसनहरूमा वितरण गरिन्छ।

प्रकाशन ओता सहर, स्थानीय गतिविधि प्रवर्द्धन शाखा
सहरवासी-प्रशासन सहकार्य, बहुसांस्कृतिक सहजीवन कर्मचारी
ठेगाना 〒144-0052 ओता सहर कामाता 4-16-8 2F
ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota) भित्र
☎ 03-5744-1227 Fax 03-5744-1323

▼ विदेशी नागरिकहरूको लागि जानकारी (131 भाषाहरूमा उपलब्ध छ)

▼ बहुभाषी परामर्श काउन्टर

ब्याक नम्बर हेर्न सकिन्छ। ▶